मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २४६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १९ गते सोमबार (Monday, Aug 3. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

"आर्थिक सशक्तिकरणसहिकतको सामाजिक जागरणः ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## कछुवा संरक्षणको रकम आधाभन्दा बढी फिर्ता



**गौरीगञ्ज, साउन १८।** गौरीगञ्ज गाउँपालिका वार्ड नं. २ कोरोबारीमा प्राकृतिक रूपमा रहेको चउनी सिमसार तथा कछुवा संरक्षण केन्द्रको संरक्षणका लागि विनियोजित रकमको आधाभन्दा बढी रकम फिर्ता भएको छ।

आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारले चउनी सिमसार तथा कछुवा संरक्षण केन्द्रको संरक्षणका लागि २० लाख रुपैयाँ बजेट बिनियोजन गरेको थियो। तर, सिमसार क्षेत्रका लागि समयमै बजेट विनियोजन भए पनि ढिलो गरी बजेट प्रवाह, कार्यान्वय पक्ष फितलो र आर्थिक वर्षको अन्तिम समयमा योजना सञ्चालन भएको कारण विनियोजित बजेटको आधाभन्दा बढी रकम खर्च नभई फिर्ता भएको हो।

सिमसार उपभोक्ता समितिका अध्यक्ष मिनप्रसाद खतिवडाले २० लाख रूपैयाँ मध्ये नौ लाख ६० हजार रुपैयाँ मात्र खर्च भएको जानकारी दिए। उनका अनुसार नौ लाख ६० हजार रूपैयाँमा सिमसार पोखरीको वरिपरि एक हजार ३५ फिट बराबरको ट्र्याक खोलिएको, पाँच लाख मूल्य बराबरको आठ फिट लम्बाई भएको फाईवरको कछुवाको मूर्ति खरिद गरेको, ६/१० साइजको पोखरीको तस्वीरसहित होर्डिङ्ग बोर्ड लगायतमा खर्च भएको छ। उपभोक्ता समितिका अध्यक्ष खतिवडाको भनाईलाई मान्ने हो भने १० लाख ४० हजार रुपैयाँ फ्रिज भएको देखिन्छ।

सुरक्षा र संरक्षणको लागि बाहिरपट्टी भागमा ट्रससहितको तारजालिले घेराबेरा गर्ने योजना रहे पनि बर्षात्का कारण सहज नभएकोले उक्त कार्य गर्न नसकिएको उपभोक्ता समितिका अध्यक्ष खतिवडाले बताए।

प्रदेश सांसद झलकसिंह दर्लामीको पहल र नेकपा गौरीगञ्ज गाउँकमिटीका उपाध्यक्ष सीताराम अधिकारीको सक्रियताका कारण आर्थिक वर्षको अन्तिम समयमा भए पनि चउनीको संरक्षण गर्ने योजना अघि बढाएको अध्यक्ष खतिवडाले बताए।

झापा जिल्लाको दक्षिण पश्चिममा पर्ने गौरीगञ्ज गाउँपालिका वार्ड न. २, टटुवामारी (साबिक कोरोबारीको वार्ड नं. ५) मा अवस्थित एक प्राकृतिक

(बाँकी अन्तिम पृष्ठमा)

चिकित्सक भन्छन्

# 'शिक्षित मूर्ख' ले गर्दा समुदायमा कोरोना

**झापा, साउन १८।** धरानमा आइतबार थप ९ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। संक्रमण पुष्टि भएकाहरुमा धरान उपमहानगरपालिका-८ तीनकुनेस्थित धरान औद्योगिक क्षेत्रका ५ र एन्फाको क्वारेन्टिनमा बसेका ४ जना रहेका छन्।

उपमहानगरको स्वास्थ्य महाशाखा प्रमुख उमेश मेहेताका अनुसार धरान औद्योगिक क्षेत्रस्थित प्रिति भल्ब उद्योगका २ जना कर्मचारीका परिवारमा संक्रमण देखिएको हो। एक जना बिराटनगर र अर्को एक जना जनकपुरका हुन्।

विराटनगका दुई जना र जनकपुर घर भएका कर्मचारीका श्रीमती, ५ वर्षीया छोरी र ९ वर्षीय छोरालाई संक्रमण पुष्टि भएको छ। अन्य चार जना पुरुष भारतीय गोर्खा सेनामा कार्यरत सैनिकहरु हुन्। उनीहरु साउन १४ गते नेपाल आएर धरान-१७ स्थित एन्फा क्वारेन्टिनमा बसेका थिए। उनीहरू भारतको मणिपुरबाट आएको बताइएको छ।


साउन १५ गते ५० जनाको स्वाब संकलन गरेर पीसीआर परीक्षण गर्दा थप ९ जनामा कोरोना पोजेटिभ देखिएको हो। योसँगै धरानमा कोरोना संक्रमितको संख्या २४ जना पुगेको छ। संक्रमित सबैलाई वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानस्थित आइसोलेशन सेन्टरमा राखिएको छ।

सरकारले लकडाउन खोले यता समुदाय स्तरमै कोरोना संक्रमितको संख्या बढ्नुमा सर्वसाधारणको लापरबाही मुख्य कारण भएको चिकित्सकहरुले बताएका छन्। वीपी प्रतिष्ठानका मेडिसिन विभाग प्रमुख समेत रहेका कोभिड-१९ र्‍यापिड रेस्पोन्स टिमका सदस्य प्रा.डा. सञ्जीव शर्माले शिक्षित व्यक्तिहरुले नै लापरबाही गर्ने गरेका कारण समुदायमा संक्रमण फैलिएको बताए। उनले भने- 'अज्ञानताले भन्दा 'शिक्षित मूर्खहरु' का कारण कोरोना संक्रमण समुदायस्तरमा फैलिएको हो। सामान्य व्यक्तिलाई सम्झाउँदा मान्छन् तर, शिक्षितहरु भनेको मान्दैनन्।'

स्थानीयस्तरमा फैलिएको कोरोना संक्रमणबाट बच्न आफै सचेत र सतर्क हुनुको विकल्प नरहेको डा. शर्माले बताए। पीसीआर परीक्षणको दायरा बढाउनुपर्ने र संक्रमण देखिएकालाई तत्काल उपचार गर्नुपर्ने उनको भनाइ छ। हाल लक्षण नभएका संक्रमितलाई आइसोलेशनमा राखेर

(बाँकी अन्तिम पृष्ठमा)

## झापाका दुई स्थानीय तहमा बन्दाबन्दी



**झापा, साउन १८।** झापामा कोरोना संक्रमित बढेका कारण दुई वटा स्थानीय तहले बन्दाबन्दी (लकडाउन) गरेका छन्।

समुदाय स्तरमा कोरोना संक्रमण देखिएको भन्दै अर्जुनधारा नगरपालिका र बिर्तामोड नगरपालिकाले लकडाउन गरेका हुन्। अर्जुनधारा नगरपालिकाले आइतवार विहानदेखि पाँच दिनका लागि बन्दाबन्दी गरेको छ भने बिर्तामोड नगरपालिकाले अनिश्चित कालका लागि बन्दाबन्दी गरेको हो।

बिर्तामोड नगरपालिकाले आइतवार अपरान्ह नगरपालिकामा पत्रकार सम्मेलनको आयोजना गर्दै आइतवार राति १२ बजेदेखि अर्को सूचना नभएसम्मका लागि लकडाउनको घोषणा गरेको हो।

स्वास्थ्य क्षेत्र बाहेकका सबै उद्योग व्यवसायहरु पूर्ण बन्द गर्ने, लामोदुरीका सवारीलाई भने बिर्तामोडमा रोक्न नदिई सिँधै गन्तव्यतर्फ जान दिने निर्णय भएको छ। त्यसैगरी अतिआवश्यक खाद्यलगायतका सामान ढुवानी गर्ने साधनलाई चल्न दिइने भएको छ त्यसमा स्वास्थ्य सुरक्षालाई उच्चतम् ध्यान दिइनेछ।

आइतबार नगरपालिकामा भएको सर्वपक्षीय बैठकमा प्रतिनिधि, प्रदेशसभाका सांसद, नागरिक समाज, कार्यपालिका समिति, उद्योग बाणिज्य संघ, सुरक्षा निकाय, बैंकर्स, रेडक्रस लगायतका संघसंस्थाको उपस्थिति रहेको प्रवक्ता अग्नि पाण्डेले बताए।

कोरोना परीक्षण गर्नु पूर्व बाह्रदशी र इलामका कोरोना संक्रमितहरु बिर्तामोडमा खुलेआम हिँनडुल

(बाँकी अन्तिम पृष्ठमा)

## देशभरमा एक वर्षमा २१० पुल बनिए

**झापा, साउन १८।** गतआर्थिक वर्षमा देशभरमा २१० पुल सम्पन्न भएका छन्। सरकारले देशभरमा ३०० पुल निर्माणको लक्ष्य राखेकामा लक्ष्यको ७० प्रतिशत सम्पन्न भएको हो। गत आर्थिक वर्षको कामको गतिका आधारमा ३०० भन्दा बढी पुल सम्पन्न हुने अवस्था रहेको सडक विभागको दाबी छ।

विभागले पहिलो चौमासिकमा पाँच पुल सम्पन्न गर्ने लक्ष्य लिएकामा ४५ सम्पन्न गरेको थियो। कोभिड-१९ का कारण पछिल्लो चौमासिकमा काम अपेक्षानुसार हुन नसकेपछि लक्ष्यभन्दा केही कम निर्माण सम्पन्न भएको विभागको पुल महाशाखा प्रमुख (उपमहानिर्देशक) दीपक भट्टराईले बताए।

उनका अनुसार कोभिड-१९ र त्यसपछि सरकारले लागू गरेको बन्दाबन्दीका कारण विभिन्न स्थानमा निर्माण सामग्री र जनशक्ति, पुऱ्याउन गाह्रो भएको थियो। बन्दाबन्दीको केही सातापछिदेखि नै सरकारले विकास निर्माणलाई निरन्तरता दिने निर्णय गरे पनि विभिन्न अवरोध रहेको उनले बताए। उनले भने- बन्दाबन्दीको समयमा निर्माण भए पनि सामान्य अवस्थामा जसरी हुन सकेको थिएन।

पुल निर्माणमा दक्ष जनशक्ति कम भएकाले तीनै जनशक्तिले पालैपालो एउटामा काम गरेर अर्को योजनामा काम गर्ने गरेका उनले बताए। सामान्य अवस्थामा जसरी एक ठाउँबाट अर्को ठाउँमा जान सहज नभएकाले निर्माणमा कठिनाइ भएको थियो। त्यस्तै कतिपय जनशक्ति भारतबाट आउनुपर्ने भए पनि कोभिडकै कारण आउन नसकेको उनले बताए।

संविधानानुसार पुल निर्माणको जिम्मेवारी तीनै तहको सरकारको भए पनि अहिलेसम्म संघीय सरकारले नै सबै किसिमका सडकमा पुल निर्माणको काम गरिरहेको छ। रणनीतिक सडक निर्माणको जिम्मेवारी पाएको सरकारले रणनीतिक सडकमा पुल निर्माण गर्नुपर्ने हो। प्रदेश सरकार र स्थानीय सरकारको क्षमता पर्याप्त नभएकाले अहिलेसम्म नेपाल सरकारले नै पुल निर्माण गरिरहेको उनले बताए।

गत आवमा निर्माण भएका पुलमध्ये ११० पुल स्थानीय सडकमा र १०० पुल रणनीतिक सडकमा निर्माण भएको थियो। राष्ट्रिय गौरवका सडक आयोजनामा ४० पुल निर्माण भए। सबैभन्दा बढी मदन भण्डारी लोकमार्गमा १७, मध्यपहाडी (पुष्पलाल) लोकमार्गमा १५ र हुलाकी राजनमार्गमा आठ पुल सम्पन्न भएका छन्। त्यस्तै वैश्व बैंकको आर्थिक सहयोगमा ११ र एशियाली विकास बैंकको आर्थिक सहयोगमा दुई पुल निर्माण सम्पन्न भएका थिए।

अरु दुई सरकारले पुल निर्माण नगर्दा अहिले पनि सडक विभागमा पुलको चाप छ। अहिले पनि झण्डै एक हजार पुल निर्माणाधीन छन्। निर्माणाधीन भनिएका सडक पुल फरकफरक अवस्थामा रहेको प्रमुख भट्टराईले बताए। कतिपय पुल अध्ययनका क्रममा छन् कतिपय ठेक्कामा जाने क्रममा र कतिपय ठेक्कामा गइसकेर निर्माण भइरहेका छन्। निर्माण व्यवसायी आफैंले डिजाइन गरेको 'डिजाइन एण्ड विल्ड'मा

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली सुनलाई सक्कली भनी कारोबार गर्ने गिरोह सक्रिय

**झापा, साउन १८।** गत मंगलबार कमलादीमा भेटिएको भनिएको सुन सम्बन्धी प्रकरण यतिखेर काठमाडौं प्रहरीलाई टाउको दुखाइ बनेको छ।

आफ्नै जवानले ठूलो परिमाणमा सुन तस्करी हुँदैछ भनेर दिएको सूचनालाई पछ्याउँदा एकातिर अपजस मिलेको छ भने अर्कोतिर काठमाडौंमा नक्कली सुनलाई सक्कली भनी कारोबार गर्ने गिरोह नै सक्रिय रहेको तथ्य पनि खुलेको छ।

महानगरीय प्रहरी परिसर काठमाडौंको प्राङ्गणमा एउटा स्कर्पियो राखिएको छ, पछिल्लो चार दिनदेखि यही स्कर्पियोसँग जोडिएको घटनाले काठमाडौं प्रहरीलाई हैरान बनाएको छ। मंगलबार बिहान करिब ९ बजे दरबारमार्ग वृत्तका डीएसपी रञ्जन दाहाललाई आफ्नै सादापोशाकका जवानले काठमाडौंमा सुन तस्करी हुँदै गरेको सूचना दिन्छ।

सूचनाका आधारमा प्रहरी जवानबहादुर सिंह कठायत र प्रशन्न श्रेष्ठले गाडीलाई छुट्टाछुट्टै पछ्याउँछन्। सुन बोकेको भनिएको गाडी कमलपोखरीबाट कमलादी, भद्रकाली हुँदै दुई चक्कर लगाएर पुनः शहीदगेटमै पुग्छ। गाडीलाई पछ्याइरहेका प्रहरी जवान कठायतले

(बाँकी अन्तिम पृष्ठमा)

## मदिरा सेवनबाट ८० जनाभन्दा बढीको मृत्यु

**नयाँदिल्ली, साउन १८।** भारतको पञ्जाब राज्यमा पछिल्लो समय विषाक्त मदिरा सेवन गर्ने ८० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेहरुमा पञ्जाब प्रान्तका उत्तरी क्षेत्रका तीन जिल्लाका व्यक्तिहरु रहेका छन्। प्रहरीले अबैध मदिरा बेचबिखन गरेको आरोपमा २५ जनालाई पक्राउ गरेको छ।

भारतका विभिन्न राज्यमा हरेक वर्ष विषाक्त मदिरा सेवनबाट सयौं व्यक्तिको ज्यान जाने गरेको छ। यस्तो मदिरा स्थानीय बजारमा प्रति लिटर भारु १०मै पाइने गरेको छ। प्रहरीका अनुसार मदिरा सेवनबाट पञ्जाबको गुरदासपुर जिल्लामा ११ जनाको मृत्यु भएको छ भने अमृतसर जिल्लामा १२ तथा तार्नतारान जिल्लामा ६३ जनाको ज्यान गएको छ।

यसबाहेक केही अरु व्यक्तिको पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएको

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक **शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## VACANCY ANNOUNCEMENT

GURANS LIFE INSURANCE COMPANY Ltd.

**GURANS Life Insurance Co.Ltd.** is one of the reputed and fast growing company in Life Insurance sector spread over the nation through wide networks of Regions/ Branches/Sub-branches seek to recruit energetic, result oriented, self motivated and well focused person to meet it's extensive expansion plan for the following position.

**Position** Marketing Personnel-12 Nos.

**Work Station** : Gaighat, Lahan, Biratnagar, Myanglung, Hile, Itahari, Damak, Gauradaha, Bhadrapur, Fikal, Urlabari & Fidim.

**Desired Qualifications:**
- Bachelors Degree.
- 1 Year of Experience in relevant field.
- Should have good communication & Interpersonal skills.
- Applicant with higher experience are preferred and may be considered for higher cadres.
- Fresher and +2 Pass Candidate with higher experience may also apply.

Interested candidates, who meet the above criteria, may apply with a details **CV along with cover letter** and recent PP size photograph within 7 days to **birtamod@guranslife.com** (Birtamode Regional Office) or **admin@guranslife.com** (KTM). Only shortlisted candidates will be called for an Interview. Company reserves the right to reject any/all application without assigning any reason whatsoever. Telephone enquiries will be not entertained.

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
Gurans Life Insurance Co. Ltd.
Regional Office, Birtamod
birtamod@guranslife.com
Web:www.guranslife.com

# बिर्तामोड उद्योग बाणिज्य संघद्वारा ४००० मास्क वितरण





**चारपाने, साउन १८।** बिर्तामोड उद्योग बाणिज्य संघले चारहजार मेडिकल मास्क वितरण गरेको छ।

बिर्तामोडको विभिन्न स्थानमा वितरण गर्नको लागि स्थानीय संघ-संस्थाका प्रतिनिधिमार्फत उक्त मास्क वितरण गरिएको हो।

आइतबार बिर्तामोडस्थित अतिथि सदनमा आयोजित कोभिड-१९ संक्रमण रोकथाक सचेतना तथा मास्क वितरण कार्यक्रममा मास्कसँगै पाँचहजार सचेतनामूलक पर्चा पनि वितरण गरिएको छ।

बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा बिर्तामोडमा रहेका जिल्ला ट्राफिक प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, रोटरी क्लव अफ बिर्तामोड मिडटाउन, रोट्रयाक्ट क्लव बिर्तामोड मिडटाउन, नेपाल फोटोपत्रकार महासंघ झापा, वीरता जेसीज, लायन्स क्लव अफ बिर्तामोड, मारवाडी सेवा समिति, छठ सेवा समिति लगायतका संघ संस्थाका प्रतिनिधिमार्फत क्षेत्रगत रुपमा समुदायमा वितरण गर्न मास्क हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा नेपाल फोटोपत्रकार महासंघ झापाका अध्यक्ष बिनोद पाण्डे, एक्सल बैंक बिर्तामोडका मेनेजर दिनेश पोखरेल, जिल्ला ट्राफिक प्रमुख प्रकाश जवेगू, इलाका प्रहरी कार्यालय प्रमुख मुकुन्द रिजाल, लायन्स क्लवका अध्यक्ष मोहन मित्तल लगायतको उपस्थिति रहेको थियो।

बिर्तामोड उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष, प्रदेश सदस्य प्रकाश शिवाकोटीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने कार्यक्रमको सञ्चालन महासचिव प्रशान्त भण्डारीले गरेका थिए।

## कपडा बरामद

**झापा, साउन १८।** प्रहरीले झापा गाउँपालिकाबाट तीन लाख रुपैयाँ बरावरको कपडा बरामद गरेको छ। झापा गाउँपालिकाको वडा नं. ४मा रहेको प्रहरी चौकी टाघनडुब्बाले भारतबाट नेपाल भित्र्याउँदै गरेको अवस्थामा कपडा बरामद गरेको हो।

प्रहरी निरीक्षक सन्दीप बोगटी नेतृत्वको प्रहरीको टोली राति गस्तीमा निस्किँदा झापा गाउँपालिकाको वडा नं. १ लसुना र रसुनगञ्जको बाटोमा प्रहरीको गाडी देखेपछि भारी बोक्नेहरु कपडाको पोका फ्याँकेर भागेका थिए। उनीहरु भागेपछि अवैध रुपमा भारतवाट भित्र्याएको ८ पोका कपडा प्रहरीले नियन्त्रणमा लिएका थिए। उक्त सामानको मूल्य तीन लाखभन्दा बढी रहेको प्रहरी निरीक्षक बोगटीले जानकारी दिए।

## कोरोनाले विदेशमा १८९ नेपालीको मृत्यु

**झापा, साउन १८।** विश्वभर महामारीका रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणबाट बितेका सात दिनमा विदेशमा २८ नेपालीको मृत्यु भएको छ। भारतमा २५, र साउदी अरेबियामा दुई र दक्षिण अफ्रिकामा एक जनाले ज्यान गुमाएका हुन्। यससँगै सङ्क्रमणका कारण विदेशमा १८९ नेपालीको मृत्यु भएको गैरआवासीय नेपाली सङ्घले जनाएको छ।

विश्वका ३८ देशमा रहेका नेपाली कोरोना भाइरसको शिकार भएको र सबैभन्दा बढी भारतको महाराष्ट्रमा रहेका नेपाली रहेको बताउँदै सङ्घले लण्डनबाट आइतवार बिहान जारी गरेको प्रेस विज्ञप्तिमा लक्जम्बर्गमा पारिवारिक जमघटमा भेला भएका ३५ नेपाली एकैपटक सङ्क्रमित भएको उल्लेख गरिएको छ।

यसैबीच सङ्घले हालसम्म कोभिड-१९का कारण विदेशमा अलपत्र ३७ हजार चार सय २४ जनालाई सम्बन्धित देशस्थित नेपाली दूतावास र कूटनीतिक नियोगलगायत अन्य स्थानीय निकायसँगको समन्वयमा स्वदेश फर्काइएको बताएको छ। अलपत्र परेकालाई नेपाल फर्काउन ५४ उडानको व्यवस्था मिलाइएको पनि संघले जनाएको छ।

# सागरको उपचारका लागि चार लाख जुट्यो

**मेचीनगर, साउन १८।** 'सागर खड्का उपचार सहयोग समिति मेचीनगर' ले आइतबार आय-व्यय सार्वजनिक गरेको छ। झापा मेचीनगर नगरपालिका-९ लीलावस्ती निवासी २८ वर्षीय सागर खड्काको उपचारमा आर्थिक सहयोग संकलन गर्न गठन भएको समितिले कूल चार लाख २६ हजार चार सय ९० रुपैयाँ बराबरको हिसाब पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो।

सागरको उपचारका लागि समितिको तर्फबाट शुरु गरिएको अभियान अन्तर्गत छोटो अवधिमा स्वतःस्फूर्त रुपमा जम्मा भएको रकममध्ये दुई लाख ४१ हजार रुपैयाँ खर्च भई बाँकी खड्कालाई थप औषधि उपचार लगायतमा खर्च गर्न नगद उपलव्ध गराएको समितिका संयोजक गोपाल बस्नेतले पत्रकार सम्मेलनमा जानकारी दिए। समितिका तर्फबाट उपचारमा जुटेको रकम र खर्चको विवरण पारदर्शी रुपमा सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गरे अनुसार पत्रकार सम्मेलन मार्फत समितिले खर्च सार्वजनिक गरेको संयोजक बस्नेतले बताए।

आमा पूर्णिका खड्काका साथमा बस्दै आएका खड्का तथा खर्च अभावमा उपचारबाट कसैले पनि बञ्चित हुनु नपरोस् भन्ने उद्देश्य अनुसार शुरु गरिएको अभियान अन्तर्गत उपचार सहयोग जुटाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण दाता महानुभावहरु, संघ-संस्था, कार्यालय, निकाय, सञ्चारकर्मीहरु समक्ष समितिको तर्फबाट धन्यवाद ज्ञापन गरिएको थियो।

आर्थिक अवस्था ज्याँदै न्यून भएका खड्काको ब्रेन ट्युमरको शल्यक्रिया गर्न रकम अभाव भएपछि १३ असारमा मेची उद्योग बाणिज्य संघका कार्यकारी अधिकृत गोपाल बस्नेतको संयोजकत्वमा ९ सदस्यीय समिति गठन भएको थियो। पहिलो पटक २०७३ साल भदौं २ गते विर्तामोडको बीएण्डसी हस्पिटलमा न्यूरोसर्जन डा. सीपी लिम्बूले उनको शल्यक्रिया गरेका थिए। तर, चार वर्षपछि सोही ठाउँमा ट्युमर बल्झिएपछि दोस्रोपटक न्यूरोसर्जन डा. लिम्बू नेतृत्वको टिमले बिर्तामोडस्थित पूर्णटुङ्ग बिर्तासिटी हस्पिटलमा गएको १३ असारमा सफलता पूर्वक दोश्रोपटक शल्यक्रिया गरेको थियो। समितिको सचिवमा माधव फुँयाल, सदस्यहरुमा ऋषिराज तिम्सिना, कविन्द्र श्रेष्ठ, विपुल श्रेष्ठ, हरि कोइराला, रेणुका डाँगी उप्रेती, अस्मिता खरेल र नृपेन्द्र श्रेष्ठ रहेका थिए।

# मेचीनगरमा फोहोर प्रशोधन केन्द्र बन्दै

**मेचीनगर, साउन १८।** मेचीनगर नगरपालिका-८ मा रु. १३ करोडको लागतमा फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र बन्ने भएको छ। नगरमा उत्पादित फोहोरलाई मोहोरमा रूपान्तरित गर्ने उद्देश्यले सो केन्द्र बनाउन लागिएको नगरपालिकाका उपप्रमुख मीना उप्रेतीले बताइन्।

उनका अनुसार सो कामका लागि आउने क्रमागत बजेटमध्ये पहिलो चरणमा सङ्घीय सरकारबाट रु तीन करोड बजेट आइसकेको छ। केन्द्र स्थापनाका लागि आदर्श माध्यमिक विद्यालयको छ बिगाह जमिन लिइसकिएको र बाँकी चार बिगाह सेन्ट्री आधारभूत विद्यालयको लिने तयारी भइरहेको उनले बताइन्।

निन्दा खोलाको छेउमा स्थानीयवासीले खेती गरिरहेको विद्यालयको जग्गामा बन्न लागेको केन्द्रका लागि डिपीआर (विस्तृत आयोजना प्रतिवेदन) समेत तयार गरेर निर्माणका लागि नगरपालिकाले ठेक्का लगाइसकेको छ। फोहोर व्यवस्थापन केन्द्रका लागि आवश्यक भौतिक संरचना तयार गर्न रु दुई करोड ७९ लाखमा मेचीनगरमै रहेको शान्ति जेभी उद्देश्य प्रालिलाई ठेक्का दिइसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङले बताए।

आगामी मंसीर २९ गतेसम्ममा केन्द्रसम्म पुग्ने सडक, कार्यालय भवन, सुरक्षा गार्डको भवन, शौचालय र कम्पाउण्ड वाल निर्माण सक्ने गरी गत असार मसान्तमा नगरपालिका र कम्पनीका बीच सम्झौता भइसकेको जेभीका प्रोप्राइटर नयन बरालले बताए।

### स्थानीयवासीको विरोध

नगरपालिकाले वडा नं ८मा बन्न लागेको फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणको विरोधमा वडा नम्बर ८, ३ र ५ तथा बुद्धशान्ति गाउँपालिका-५ का स्थानीयवासीले विरोध जनाएका छन्। उनीहरुले नगरपालिकाले मानव स्वास्थ्यलाई नै असर पुग्ने गरी सो केन्द्र निर्माण गर्न लागेको भन्दै मेचीनगर-३ का एनुकुमार भट्टराईको संयोजकत्वमा संघर्ष समिति नै गठन गरेर विरोध जनाएका हुन्।

समितिले नगरपालिकाका प्रमुख विमल आचार्य र उपप्रमुख उप्रेतीलाई नजिकै रहेको मानव बस्तीमा असर पुग्ने जनाउँदै नेपालको संविधानले मौलिक हकमा व्यवस्था गरेको नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको ठाडो उल्लंघन भएको भन्दै ज्ञापनपत्र समेत बुझाइसकेको संयोजक भट्टराईले बताए।

संघर्ष समितिका सदस्यहरू नारायण गिरी, विष्णुलाल गिरी, कमला गिरी, पवन मेचे, रामकान्त चौधरीलगायतले कृषिको उर्वरभूमि रहेको यस क्षेत्रमा कृषि विश्वविद्यालय निर्माण गर्नुको साटो नगरपालिकाले फोहोर व्यवस्थापन गर्न लागेकोमा आपत्ति जनाएका छन्। हामी विकास विरोधी होइनौँ- संयोजक भट्टराईले भने- कृषि क्षेत्रको विकासमा नगरपालिकाको स्वागत गर्छौं तर, मानव स्वास्थ्यलाई नै असर पर्ने गरी यहाँ फोहोर थुपार्न खोजियो भने त्यसको स्थानीयवासीले जहिलै विरोध गर्नेछन्।

मानव बस्तीबाट टाढा रहेको र प्रशोधन केन्द्र बनाउन उपयुक्त जग्गा रहेको नगरको सर्वदलीय बैठकले नै ठहर गरेको नगरपालिकाका उपप्रमुख उप्रेतीले बताइन्। उनले त्यहाँ बन्ने संरचनाका बारेमा ठेक्का समेत लगाइसकिएको उल्लेख गर्दै स्थानीयवासीको गुनासोलाई सम्बोधन गरिने बताइन्। थानीयवासीको जायज मागको सम्बोधन गर्छौं- उनले भनिन्- किसानको धान बाली हरियाली भएको छ, उहाँहरुको मेहनत र परिश्रमको लगानी छ। तर नाजायज माग राखेर विकासको विरोध गर्ने सबैको माग सम्बोधन गर्न सकिँदैन।

प्रमुख प्रशासकीय अधिकृत खाम्यावाङले सो प्रशोधन केन्द्रले स्थानीयवासीको स्वास्थ्यमा कुनै असर नगर्ने बताए। उनले फहोर उठाउँदै कुहिने र नकुहिने वस्तु छुट्याएर ल्याइने बताए। उनले भने- यो प्रशोधन केन्द्र मात्र हो। यहाँ कुहिने फोहोर सङ्कलन गरेर प्राङ्गारिक मल बनाइन्छ। नकुहिने वर्गीकरण गरेर निर्यात गरिन्छ।

उनले स्थानीयवासीलाई प्रशोधन केन्द्रका बारेमा जानकारी नभएर मात्र विरोध गरेको बताए। केन्द्र स्थापनाका बारेमा स्थानीयवासीलाई बुझाउन बाँकी रहेको उनको भनाइ थियो। यसले उहाँहरुलाई भोलिका दिनमा रोजगारीसँगै विकास सिर्जना गर्छ, यो ठूलो अवसर हो- उनले भने।

# ब्रह्माकुमारी राजयोगले यसरी गऱ्यो रक्षाबन्धन

तुलसीप्रसाद निरौला

**विर्तामोड, साउन १८।** हरेक वर्ष झापाको बिर्तामोड-४स्थित ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रमै सामुहिक रक्षाबन्धन गर्दै आएका ब्रह्माकुमारी दिदीहरुले यसवर्ष कोरोना कहरका कारण स्थगित गरेका छन्।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणका कारण ब्रह्माकुमारी राजयोग सेवा केन्द्रमै बोलाएर सामुहिक रक्षाबन्धन बाँध्ने कार्यलाई स्थगित गरेर ब्रह्माकुमारी दिदीहरुले यसवर्ष कार्यालयहरुमा गएर रक्षाबन्धन बाँधेका छन्।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रका ब्रह्माकुमारी दिदीहरुले बिर्तामोड नगरपालिका, वडा कार्यालय, इलाका प्रहरी कार्यालय बिर्तामोड, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा, झापामा रहेका वृद्धाश्रम, अनाथ आश्रम, अपाङ्ग तथा अशक्त आश्रम, र विभिन्न सुधार केन्द्रमा गएर आध्यात्मिक सन्देश दिनुका साथै रक्षाबन्धन (राखी) बाँधिदिएका थिए।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडमा झापाका विभिन्न महानुभावले ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रकी सञ्चालिका पूर्णिमा दिदीबाट रक्षाबन्धन बाँधेर शिवपरमात्माको प्रसाद ग्रहण गरेका थिए। रक्षाबन्धन बाँध्ने कार्यक्रम आज पनि जारी रहने र ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रमा बिहान र बेलुकी स्वास्थ्य सुरक्षाका सावधानी अपनाएर रक्षाबन्धन वाँधिने ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रकी सञ्चालिका पूर्णिमा दिदीले बताइन्।

मानव कल्याणको सेवामा समर्पित अन्तर्राष्ट्रिय संस्था प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयसँग आबद्ध रहेर ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र नेपालले देशभरका दुई हजारभन्दा बढी सेवाकेन्द्रहरुमार्फत निःशुल्क सेवा दिइरहेको ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रका ब्रह्माकुमार लक्ष्मण भाइजीले बताए।

करुणा सागर, परमपिता भोलेनाथले गरेको उद्धारपूर्ण कर्तव्यको स्मृतिमा नै वर्षको एकपटक जनैपूर्णिमाको दिन ब्राह्मणहरुले यजमानलाई र दिदीबहिनीहरुले दाजुभाइहरुको रक्षाको मंगलकामना गर्दै रक्षाबन्धन राखी बाँध्ने परम्परा यस हिमवत खण्डमा प्राचीनकालदेखि नै चल्दै आएको ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडकी सञ्चालिका पूर्णिमा दिदीले बताइन्। भय चिन्ताले ग्रस्त, जीउ धन र धर्मको नै असुरक्षा भएको वर्तमान अवस्थामा परमात्मा शिवबाबाबाट सुरक्षाकवचका रुपमा प्रदान गरिने रक्षा बन्धन अर्थात् राखी महिला पुरुष दुवैका लागि ईश्वरीय वरदान नै मान्न सकिने उनले बताइन्। जनै पूर्णिमाको अवसरमा अलौकिक वरदानी सूत्र राखीबाट अनुकम्पा र शक्ति प्राप्त गर्ने विश्वास लिएको उनले वताइन्।

### शिक्षित ...

कम्प्युटर र सीसीटीभी क्यामेराबाट नियमित निगरानी गर्ने गरेको, सिकिस्तलाई आइसोलेशन सेन्टरमा रहेको आइसीयु शैय्यामा राखेर उपचार भइरहेको र लक्षण भए पनि गम्भीर नदेखिएकालाई चिकित्सकले निगरानीमा राखेको डा. शर्माले जानकारी दिए।

यस्तै, धरानमा कोरोना सक्रमण बढेपछि उपमहानगरपालिकाले रेन्डम विधि अनुसार पीसीआर परीक्षण गर्ने भएको छ। धरानका २० वटा वडामा प्रति वडा १० जनाको दरले पीसीआर परीक्षण गर्ने तयारी भएको धरान उपमहानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख मेहेताले बताए।

### मदिरा ...

प्रहरीले आशंका गरेको छ। केही व्यक्तिले पोष्टमार्टम नगरी दाहसंस्कार गराएकाले पनि मृतकको संख्या बढी हुन सक्ने प्रहरीको अनुमान छ। पञ्जाब प्रान्तका मुख्यमन्त्री अमरिन्दर सिंहले पछिल्ला केही दिनयता भइरहेको मृत्युका बारेमा अनुसन्धान गर्न आदेश दिइएको बताएका छन्। उनले अबैध तथा विषाक्त मदिरा बिक्रीमा दोषी व्यक्ति भेटिए कडा कारबाही गरिने बताएका छन्।

### कछुवा ...

सिमसार चउनी पोखरी हो। वि.सं. २०२१ सालको नापीमा यसलाई जगुदह भनी छुट्याएको भएता पनि यहाँका आदिवासी राजवंशी जातिले यसलाई परम्परादेखि आफ्नै भाषामा चलिआएको नाम चउनीलाई नै प्रयोग गर्दै आइरहेको छ।

यो चउनी पोखरी एक प्राकृतिक पोखरी भएकोले परापूर्वकालदेखि यस क्षेत्रको लागि पानीको मुख्य स्रोत बनेको छ। यस पोखरीको पश्चिमपट्टी धेरै पुरानो राजवंशी गाउँ टटुवमारी पर्छ। दुबैतर्फ ठूला गाउँ भएको हुनाले खेती गर्नेको चाप बढेर यसको मौलिक क्षेत्रफलमा अतिक्रमित भई सागुरिँदै गएको छ। यसरी पोखरी मिचिँदै जाँदा अहिले (नापी विभागको फायल नक्सा अनुसार, साविकको कोरोबारी ५ (क) कि.नं. १७२ अनुसार) करिब चार विगाह (२.५ हेक्टर) जति मात्र बाँकी रहेको छ। यो पोखरीको आकार उत्तर-दक्षिण लाम्चो र पूर्व-पश्चिम चौडा छ। लम्बाई करिब तीन सय ६० मिटर छ भने चौडाइ एक समान नभएकाले औषत नापी ७० मिटर जति पर्दछ।

डा. केआर खम्बूका अनुसार करिब पाँच दशक अघिसम्म यो पोखरी जैविक विविधताले भरिपूर्ण एक सीमसार पारिस्थितिक प्रणाली थियो। यसको आसपासमा ५०औं प्रजातिका स्तनधारी, दुई सयभन्दा धेरै प्रजातिका चराचुरुंगी, एक सयभन्दा धेरै प्रजातिका सरीसृपहरु, ३० भन्दा बढी उभयचरहरु तथा ६० भन्दा बढी माछाका प्रजातिहरु पाइन्थे।

डा. खम्बूले आफ्नो फेसबुक स्टाटसमा लेखे अनुसार त्यसबेला यस पोखरीको पूर्वतर्फ साल सतिसाल, साज, हर्रो, बर्रो, खमारी, जामुन आदि मिश्रित घना जंगल थियो। यस पोखरीको पानी अहिलेको भन्दा पचासौं गुणा धेरै थियो तथा यसलाई वारपार गर्न ढुंगाको प्रयोग गरिन्थ्यो। यस पोखरीले यस क्षेत्रको पर्यावरणलाई शुद्ध र सन्तुलित राख्दै मौसम ओसिलो बनाएको थियो। पोखरी र वनजंगलको कारणले गर्दा सधैँ मनसुनी वर्षा राम्रो हुने गरेकोले यस क्षेत्रको माटो सिँचाई भई धानखेती पर्याप्त हुन्थ्यो।

विश्व संकटग्रस्त संरक्षण सूचीमा परेका पन्छीहरु मध्ये राजगरुड र भुँडीफोर गरुड साथै सरीसृपका केही कछुवाका लोपवान् प्रजातिहरु (जस्तैः इन्डोटेस्टुडो इलोङगेटा, नेल्सोनिया ह्यूरुम, लिसेमिज पङ्टाटम् आदि) अहिले देखा पर्दैनन्। तर, यो पोखरी भने सुक्ने अवस्थामा पुगिसकेको छ। यसर्थ, यस पोखरीको सिमसार क्षेत्रलाई तत्काल संरक्षण गर्न अति जरुरी देखिन्छ।

### देशभरमा ...

समेत कतिपय पुल निर्माणका क्रममा रहेका छन्।

आगामी दिनमा स्थानीय सडक पुल निर्माणको जिम्मेवारी क्रमशः प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिँदै गइने उनले बताए। देशभरका सबै पुल एउटै निकायबाट गर्दा कामको बोझ बढी भएकाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जिम्मेवारी अरु सरकारलाई पनि दिइनुपर्ने बताउँदै आएको छ। बिगतमा सङ्घीय मामिला मनत्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विभागले पुल निर्माण गरे पनि अहिले गरेको छैन।

भौतिक पूर्वाधार मन्त्री बसन्तकुमार नेम्वाङले गत साता प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिको बैठकमा भएको सरकारको क्षमता दुईदेखि तीन सयसम्म पुल निर्माण गर्ने भएको बताएका थिए। उनका अनुसार, निर्माण व्यवसायीको क्षमतानुसार पनि त्यो सङ्ख्याभन्दा बढी निर्माण गर्न सकिँदैन।

सडक विभागमा अहिले रहेको दरबन्दी पर्याप्त नभएकाले पनि सडक निर्माण धेरै लम्बाइ र पुल निर्माण धेरै सङ्ख्यामा गर्न गाह्रो हुने विभागले बताउँदै आएको छ। मन्त्रालयले विभागको दरबन्दी बढाउने गरी 'ओएनएम' सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाए पनि त्यो अहिलेसम्म स्वीकृत भइसकेको छैन। विभागले कामको बोझका आधारमा जनशक्ति कम भएको बताउँदै आएको छ। देशभर रणनीतिक सडकको लम्बाइको लम्बाइ गत फागुनसम्ममा ३४ हजार ३४७ किमी पुगेको अर्थ मन्त्रालयले गरेको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

गत आवमा २४३ पुल निर्माण सम्पन्न भएको थियो। आव २०७५/०७६को अन्त्यसम्ममा एक हजार चार सय ६७ पुल निर्माणाधीन थिए। गत आवमा पुल निर्माणको दुई सय ९२ पुल योजना थपिएका थिए। पुल निर्माण एक आवमा सम्पन्न गर्न नसकिने हुँदा सामान्यतया तीन/चार वर्षमा सम्पन्न गर्नेगरी सम्झौता हुने गरेको छ। विभिन्न कारणले गर्दा कतिपय एक दशक पहिले ठेक्का सम्झौता भएका पुल अझै सम्पन्न भइसकेका छैनन्।

### नक्कली ...

सामान लिनेलाई नियन्त्रणमा लिन्छ। उनी थिए निलेश सखिया। सामान र मान्छे नै नियन्त्रणमा आए पनि गाडी भने फरार हुन्छ। गाडीमा सुन भनेर बरामद गरेको सामान सुनको जलप लगाइएको चाँदी थियो। सुन तस्करीको सूचना दिने भारतीय नागरिकहरु देवाग पटेल र कौशल पटेलसहित त्यही सूचना लिएर दोहोरो खेल्ने जवान कठायतसहित ६ जना नियन्त्रणमा छन्।

प्रहरीको अपरेसनमा केही चुक देखिए पनि काठमाडौंमा १५ किलो नक्कली सुन कहाँ कारोवार हुँदै थियो भन्ने मुख्य अपराध हो। प्रहरीका अनुसार भारतीय कारोवारीले नेपालबाट १५ किलो सुन मागेको र सक्कली भनेर चाँदीका जलप लगाएर नक्कली दिन खोजेको देखिएको छ। जसका कारण प्रहरीले जलप लगाउनेलाई पनि नियन्त्रणमा लिएको छ। पक्राउ परेका निलेश सुन व्यसायी हुन्। तिनैले चाँदीमा जलप लगाएर सक्कली सुनको पैसा असुल गर्न खोजेको र उनको अर्को साझेदारको पनि देखिएको प्रहरीको दावी छ। गत मंगलबारको घटना अप्रेशनमा चुक कति घातक हुन्छ भन्ने प्रहरीलाई पाठ त सिकाएको छ, त्यो भन्दा आफैंमा गैरकानुनी सुन तस्करीका नाममा नक्कली भिडाउने गिरोह पनि सक्रिय रहेको खुलेको छ।

### झापाका ...

गरेको र उनीहरुको सम्पर्कमा आएकालाई कोरोना संक्रमणको उच्च जोखिम रहेकाले बिर्तामोडलाई लकडाउन गरिएको नगरपालिकाले पत्रकार सम्मेलनमा जानकारी गराएको छ।

कोरोना संक्रमितको सम्पर्कमा आएका बिर्तामोडका ११६ जना यतिबेला होम क्वारेन्टाइनमा छन्। होम क्वारेन्टाइनमा बस्नेहरु केही राजनीतिकर्मीहरु पनि रहेका छन्। कोरोना संक्रमित बाह्रदशी गाउँपालिकाका नेपाल कम्युनिष्ट पार्टीका नेता र सोही ठाउँका स्वास्थ्यकर्मी एवं औषधि व्यवसायीको सम्पर्कमा आएका बिर्तामोडका ६८ जनालाई कन्ट्याक्ट ट्रेसिङ गरी होम क्वारेन्टाइनमा राखिएको हो।

त्यस्तै इलामका संक्रमितको सम्पर्कमा आएका ४८ जनालाई कन्ट्याक्ट ट्रेसिङ गरी उनीहरुलाई पनि होम क्वारेन्टाइनमा राखिएको छ। संक्रमितहरु आएपछि संभावित संक्रमणको जोखिममा परेको बिर्तामोडमा पहिलोपटक ठूलो मात्रामा कन्ट्याक्ट ट्रेसिङ गरिएको थियो। बाह्रदशीका दुई जना संक्रमितको सम्पर्कमा आएका ६८ जना र ईलामका संक्रमितको सम्पर्कमा आएका ४८ जना र अन्य गरी जम्मा १३३ जनाको कन्ट्याक्ट ट्रेसिङ गरिएको बिर्तामोड नगरपालिकाका फोकल पर्सन ओम खड्काले जानकारी दिए। उता बाह्रदशी गाउँपालिकाले वडा नम्वर १, २ र ३ नम्वर वडामा गरिएको बन्दाबन्दी आजबाट खुलाएको छ। गाउँपालिकाले आज सार्वजनिक सूचना जारी गर्दै लकडाउन खुलाएको जनाएको हो।


## फ्लाट भाडामा

कार्यालय तथा आवसाका लागि अति उपयुक्त फ्लाट। फराकिलो कोठा र सुरक्षाका लागि कम्पाउण्डसहितको फ्लाट। (बिर्तामोड-१, बाल्मिकी स्कूलको ठीक उत्तर, दुर्गा मन्दिर छेउमा।)

सम्पर्क : ९८२३७२६९७९








श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# आज ऋषितर्पणी पूर्णिमा

**आज ऋषितर्पणी पूर्णिमा । प्रत्येक वर्षको श्रावण शुक्ल पूर्णिमाका दिनलाई ऋषितर्पणी वा जनैपूर्णिमा भनिन्छ । आजकै दिनलाई क्वाँटी खाने दिन र रक्षा बन्धन पनि भनिन्छ । विश्वको पहिलो संस्कृति वैदिक सनातन संस्कृतिमा यस्ता थुप्रै चाडपर्वहरु छन् जसका आ–आफ्नै विशिष्टता र पहिचान छन् । तिनै मध्येको एक रक्षा बन्धन ब्राह्मण पुरोहितद्वारा जप, तप र पूजा गरी मन्त्रिएको डोरो जसलाई रक्षा बन्धन भनिन्छ, मन्त्रोच्चारण गर्दै यजमानको नाडीमा बाँधिदिने चलन छ । यो डोरीले डोरो बाँधेको यजमान लगायत सम्पूर्ण मानव जातिको रक्षा हुने विश्वास छ ।**

**यही दिन तागाधारीले आफूले धारण गरेको यज्ञोपवित अर्थात् जनै फेर्ने गर्छन् । अघिल्लै दिन केश मुण्डन गरी एकछाक मात्र खाएर चोखोनितो गरी बसेका तागाधारी अर्थात् जनै लगाउनेहरुले जनै पूर्णिमाका दिन नजिकको ताल, तलाउ, नदी वा पवित्र कुण्डमा गई विधिपूर्वक स्नानादि गरी ऋषिहरुलाई तर्पण दिन्छन् । श्रावणी स्नान पनि भनिने यसबेला गाईको गोबर, खरानी दतिउन र सप्तमातृका लगाइन्छ । यसरी नुहाई सकेपछि ऋषिलाई जौ, तिल, कुशद्वारा तर्पण दिइन्छ र वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको जनै फेरिन्छ । कश्यप, अत्रि, भारद्वाज, विश्वमित्र, जमदग्नि, वशिष्ट, गौतम र अगस्त्य गरी आठ जना ऋषिको पूजा गरी तर्पण दिइने कारणले यो दिनलाई ऋषि तर्पणी भन्ने गरिएको हो ।**

**हिन्दू दर्शनमा जनैलाई ब्रह्मसूत्र भनिन्छ । ब्रह्मसूत्रको अर्थ ज्ञानको धागो हो । यसमा दुई शिखा हुन्छन् जसमा एउटा शिखामा रहेका तीन डोरा ब्रह्मा, विष्णु, महेशका प्रतीक हुन् भने अर्को शिखामा रहेको डोराहरु कर्म, उपासना र ज्ञानका योग हुन् । पूर्वीय दर्शन अनुसार विशेष अनुष्ठान गरी धारण गरिने कर्मलाई व्रतबन्ध भनिन्छ । यसबाट मनमस्तिष्क र चित्तशुद्धि हुने विश्वास गरिन्छ । यसरी धारण गरिएको जनैले शरीरमा रहेका सूक्ष्म विन्दुहरुलाई स्पर्श गर्छ जसले शरीरको समेत रक्षा गर्छ भन्ने मान्यता रहेको छ । नाभीसम्म पुग्ने जनै कपासबाट बनाइएको हुन्छ जसलाई हवन, यज्ञ, मन्त्रपाठ आदि विधिद्वारा संस्कार गरिएको हुन्छ ।**

**हिन्दूधर्म विश्वकै समृद्ध संस्कृति हो । यसभित्र पर्ने अनेक पर्वहरुको आ–आफ्नै विशेषता छन् । यही दिनमा गरिने रक्षाबन्धन दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी दानवराज वली त बाँधिए अब म तिमीलाई बाँध्छु, यसले तिमीलाई सुरक्षित गर्छ भन्दै नाडीमा डोरो बाँधिदिएर जोगाएको पौराणिक मान्यता छ । त्यही परम्परा आज पनि कायम छ र यसले मानव जातिको रक्षा गर्छ भन्ने भन्ने विश्वास छ । आजकै दिन तराई क्षेत्रका आदिवासीले दिदी–बहिनीका हातबाट डोरो बाँध्ने गर्छन् । जसलाई राखी बन्धन भनिन्छ । यसले दाजुभाइ र दिदीबहिनीकाबीचको पवित्र प्रेम अझ बढ्ने मान्यता छ । आजकै दिन एघार थरीका गेडागुडी मिसाइ भिजाएर टुसा उम्रेको वस्तु खाइन्छ, जसलाई क्वाटी भनिन्छ । यसले निरोगी राख्ने, शरीर शुद्ध हुने, भित्रैदेखि ताप सञ्चार भई स्वस्थ जीवन बाँच्न सकिन्छ भन्ने जनविश्वास छ । यति धेरै विशेषता र महत्व भएको ऋषितर्पणी पूर्णिमा र यसदिन गरिने कर्मले हाल महाकारीको रुप लिएको कोरोना संक्रमणबाट समेत मानव जातिको रक्षा होस्– शुभकामना ।**

सन्दर्भ : संस्कृत भाषा दिवस

# संस्कृत भाषाको बहुआयामिक महत्व र नेपाली समाजको मनस्थिति



तीर्थराज खरेल

संस्कृत भाषा संसारका भाषाहरु मध्ये सर्वाधिक ओजिलो र विपुल भण्डार भएको भाषा हो, तर नेपाली समाजमा संस्कृत भाषालाई एकाधिकारवादी, ब्राम्हणवादी, सामन्तवादी र राजतन्त्रवादी राज्यव्यवस्थाको पक्षपोषण गर्ने अस्त्रको रुपमा मान्ने ठूलो तप्का छ। भाषा र राजनीतिको बीचमा कुनै पनि सम्बन्ध हुँदैन भनेर निरपेक्ष दृष्टिकोण निश्चय नै गलत हो।

तथापि संस्कृत भाषाको महत्व र महत्तालाई नजरअन्दाज गर्ने सोच र संस्कार गलत मात्र होइन, आत्मघाती र विध्वंशकारी छ। संस्कृत भाषा शुद्ध संस्कारित परिष्कृत भाषा हो। संस्कृत भाषा विश्वको प्राचीनतम् एवम् समृद्ध भाषा हो। यो भाषा सुस्पष्ट ब्याकरण र वर्णमालाको वैज्ञानिकताले भरिएको कारण अन्य भाषाको तुलनामा सर्वश्रेष्ठ रुपमा सुशोभित छ। सर्वाधिक एवम् महत्वपूर्ण साहित्यहरुको धनी भएकाले यस भाषाको श्रेष्ठतामा कुनै विवाद छैन। संस्कृत केवल स्वविकसित भाषा होइन अपितु संस्कारित भाषा हो त्यसैले यसको नाम संस्कृत हो। संस्कृत केवल भाषा मात्र होइन, संस्कृत एक विचार हो, क्रान्ति हो, जीवनी शक्ति हो। संस्कृत नै संस्कृति हो र संस्कार हो। भेदभाव आदि संकीर्ण मनस्थितिबाट माथि उठ्न संस्कृत भाषाले सहजीकरण गर्छ। यो भाषा पूर्वीय दर्शनको संवाहक हो।

संस्कृत पृथ्वीको सबैभन्दा प्राचीनतम् भाषाहरू मध्येको एक हो। यो भारोपेली भाषा परिवारमा वर्गीकृत छ। संस्कृतमा लेख्नको लागि मुख्यतया देवनागरी लिपीको प्रयोग गरिन्छ। यो दुनियाँको सबैभन्दा पुरानो उल्लेखित भाषाहरू मध्ये एक हो। हिन्दूधर्मसँग सम्बन्धित लगभग सबै धर्मग्रन्थ संस्कृतमा लेखिएका छन्। आज पनि हिन्दूधर्मका अधिकतम यज्ञ र पूजा संस्कृत भाषाका माध्यमबाट नैं सम्पन्न हुन्छन्। प्राचीनतम् ग्रन्थ 'ऋग्वेद' संस्कृत भाषामा नै रचिएको हो। त्यस्तै अन्य वेदहरू यजुर्वेद, सामवेद र अथर्ववेद पनि संस्कृत भाषामै लेखिएका छन्। सबैभन्दा पुरानो जीवित संस्कृत व्याकरण पाणिनिको हो, जुन करिव ई.पू. ५०० मा रचिएको थियो।

अधिकांश मानिस पाणिनिको अष्टाध्यायीबाट काव्य संस्कृतको आरम्भ मान्दछन्। अहिले मुख्यतया धार्मिक प्रयोजनको लागि मात्र प्रयोग गरिए पनि भारत वर्षमा संस्कृत हजारौँ वर्षदेखि बोलचालको भाषा रहँदै आएको थियो। यस भाषामा रचना गरिएको अमरकोष प्राचीनतम् शब्दकोष हो। हिन्दू तथा बुद्ध धर्मका प्रायजसो सबै ग्रन्थहरू संस्कृतमै लेखिएका छन्। संस्कृतको प्राचीनतम् रूप वैदिक संस्कृत हो जो हिन्दूधर्मको प्रमुख ग्रन्थ वेदको भाषा हो। रामायण, महाभारत र पुराण लगायतका काव्य संस्कृतमा लेखिएका छन्। संस्कृत भाषाको व्याकरण अत्यन्त परिमार्जित एवम् वैज्ञानिक छ। धेरै प्राचीन कालबाट नैं अनेक ब्याकरणाचार्यहरूले संस्कृत ब्याकरणमा धेरै नैं लेखेका छन्। किन्तु पाणिनिको संस्कृत




ब्याकरणमा गरिएको कार्य सबैभन्दा प्रसिद्ध छ। पाणिनि संस्कृत भाषाका प्रसिद्ध ब्याकरण शास्त्री हुन्। उनको जन्म नेपालको हाल अर्घाखाँची जिल्लाको पणेना गाउँपालिकामा भएको मानिन्छ। यो नेपालीहरुका लागि गौरवको विषय हो।

संस्कृत विश्वको सबैभन्दा पुरानो पुस्तक वेदको भाषा हो। यसकारण यसलाई विश्वको प्रथम भाषा मान्न सकिन्छ। यसको सुस्पष्ट व्याकरण र वर्णमालामा वैज्ञानिकता छ। यो भाषा सर्वश्रेष्ठ सर्वाधिक महत्वपूर्ण छ, किनभने यो भाषामा विपुल साहित्य भण्डार छ। यसको महत्ता निर्विवाद भएकाले यसलाई देवभाषा मानिन्छ। अनुसन्धान र शोधबाट प्रमाणित भएको छ- संस्कृत पढनाले स्मरण शक्ति बढ्दछ। यो भाषा विश्वको सर्वाधिक पूर्ण एवम् तर्कसम्मत भाषा हो। पश्चिमाहरुको परिभाषामा हाल यो भाषालाई मृतभाषा मानिन्छ किनभने यो भाषा बोलचालमा चलनमा छैन, तर भारत र इण्डोनेसियाका केही ठाउँ र नेपालका पनि केही ठाउँमा यो भाषा बोलिन्छ।

राजतन्त्रप्रति भक्तिभाव गर्न र वैज्ञानिक युगमा पनि रुढीवादितालाई प्रश्रय दिएको आरोपमा नेपालमा संस्कृत भाषाको पठनपाठनलाई निरुत्साहित गर्ने गरिएको छ। संस्कृत भाषाको ज्ञानलाई पूजापाठमा मात्र सीमित गरिएको छ। वास्तवमा संस्कृत सबैजसो दक्षिण एसियाली देशहरुमा रहेका भाषाहरूको जननी हो। यिनको अधिकांश शब्दावली संस्कृतबाट लिइएका छन् वा संस्कृतबाट प्रभावित छन्। राज्यको प्रबल इच्छाशक्ति भएमा संस्कृतलाई हिब्रु जस्तै पुनः प्रचलित भाषा पनि बनाउन सकिन्छ। अर्को महत्वपूर्ण कुरा हिन्दू, बौद्ध, जैन आदि धर्महरूका प्राचीन धार्मिक ग्रन्थ संस्कृतमा छन्। हिन्दूहरूका सबै पूजापाठ र धार्मिक संस्कारको भाषा संस्कृत नैं छ। हिन्दू, बौद्धहरू र जैनहरूका नाम पनि संस्कृतमा आधारित हुन्छन्।

दक्षिण एसियामा बोलिने धेरै भाषाहरूको प्राविधिक शब्दावली पनि संस्कृतबाट नैं व्युत्पन्न गरिन्छ। संस्कृत साहित्य अत्यन्त प्राचीन, विशाल र विविधतापूर्ण छ। यसमा अध्यात्म, दर्शन, ज्ञानविज्ञान र साहित्यको विशाल भण्डार छ। सनातन वैदिक धर्मलाई अहिले हिन्दूधर्म पनि भनिन्छ र यस धर्ममा गर्भाधानदेखि अन्त्येष्टि पर्यन्त षोडश संस्कार संस्कृतमा नै हुन्छन्। त्यसैले संस्कृत भाषा समृद्ध छ। जैन एवम् महायानी बौद्धहरुको समस्त विशाल साहित्य संस्कृतमा नै छन्। विचार-विस्तार, भाषण को माध्यम संस्कृत नै हो। संस्कृत साहित्यले 'वसुधैव कुटुम्बकम्' को भावनालाई उद्बोधन र महिमामण्डित गरेको छ। संस्कृत भाषा नेपाली भाषाको जननी हो। संस्कृतको ज्ञान बिना नेपाली भाषा शुद्ध बोल्न र लेख्न सकिँदैन र नेपाली भाषा र साहित्यको विकास र प्रतिष्ठा स्थापित हुन सक्दैन। नेपाली भाषाको आत्मा संस्कृत मै बसेको छ। नेपाली भाषाको क्षेत्रमा मात्र होइन, हाम्रो संस्कृतिको प्रभावकारी आधार पनि संस्कृत भाषा नै हो। अन्य भाषाको तुलनामा संस्कृतमा सबभन्दा कम शब्दमा वाक्य पूरा हुन्छ। स्पिच थेरापीमा संस्कृत सहयोगी सिद्ध हुन्छ र एकाग्रता बढाउँछ।

संस्कृत केबल स्वविकसित भाषा होइन अपितु संस्कारित भाषा हो त्यसैले यसको नाम संस्कृत हो। तर, आजको मानसिकता संस्कृतप्रति अनुदार छ र यो मानसिकता अंग्रेजी र अन्य पश्चिमा भाषाहरु मार्फत भएको आर्थिक, सांस्कृतिक, सामाजिक हस्तक्षेप र प्रभावका कारण भएको मान्न सकिन्छ। संस्कृत समर्थकहरु संस्कृतलाई 'मृत' भाषा भनेर सम्बोधन गरेकोमा दुःख मान्छन् र भन्छन्- 'सूर्य उदाएर उज्यालो छर्दा पनि अन्धकार देख्नु सूर्यको दोष होइन।' उनीहरु संस्कृतलाई समर्थ, सरस, सरल र अमर भाषा मान्दछन्, जुनकुरा साँचो पनि हो। संस्कृत भाषाको रक्षा र उन्नतिमा नागरिक र राज्यस्तरबाट योगदान हुनु जरुरी छ।

दश वर्षे माओवादी द्वन्द्वकालीन अवधिमा संस्कृत विद्यालय बन्द गर्ने, विद्यालयहरु आगजनी गर्ने जस्ता नेपाली सभ्यतामाथि आगो झोस्ने कार्य अमिलो स्मृति मात्र बनोस् र तीतो इतिहास मात्र बनोस्। त्यस्ता जननीलाई जिउँदै जलाउने कृत्यको पुनरावृत्ति हुने छैन भन्नेमा हामी आशावादी बनौं। संस्कृत साहित्य मार्फत पन्पिने रुढी, ढोङ्गी परम्परालाई त्याग्दै र कतिपय अवस्थामा परिष्कृत गर्दै संस्कृत साहित्य भण्डारमा भएका वैज्ञानिक, जीवनवादी र मानवतावादी सोच र विचारलाई समयसापेक्ष रुपमा मनन गर्दै आजको परिवेशलाई सुसम्पन्न र सुसंस्कृत बनाउन प्रयत्न गर्नु बढी वस्तुवादी हुन्छ।

*tirthakharel2028@gmail.com*

# रक्षा बन्धनको महत्व



इन्द्रप्रसाद ओली

*ऋषिमिः संस्तुतां नित्य हिन्दुराष्ट्र विभूषितम ।*
*वैदिकीं साधनां भूमिं वन्दे नेपाल मातरम ॥*

हाम्रा हरेक चाडपर्वहरुको उत्तिकै महत्व छ हामीले मनाई रहेका चाडवाडहरुको धार्मिक पक्ष, सांस्कृतिक पक्ष, मनोवैज्ञानिक पक्षसँग सम्बन्ध रहेको छ। चाडवाडले उत्साह उमँग थपिदिएको हुन्छ भने आफन्तजनबीचको सुमधुर सम्बन्ध, भेटघाटको अवसर जुटाइ दिएको हुन्छ। आफ्ना आफ्ना समयानुकुलका चाडपर्वहरुको उत्तिकै महत्व रहेको छ। सनातन धर्म (हिन्दूधर्म) भित्र रहेको जनै पूर्णिमाको उत्तिकै महत्व एक विशेष दिनको रुपमा यो पर्वलाई मानिन्छ। बडो महत्व छ जनै किन लगाउने रक्षा बन्धन के हो, यसले हाम्रो रक्षा गर्दछ कि गर्दैन, बडो गम्भीर प्रश्न छ ? यस्तो महत्वपूर्ण चाड आज श्रावण शुक्ल पक्ष पूर्णिमा जनै पूर्णिमा हो। जनैलाई ब्रह्मले निर्माण गरिएको हुदाँ यसलाई ब्रह्म सूत्र भन्ने गरिन्छ। स्मृतिमा ब्रह्मले निर्माण गरी विष्णुले तीन गुण (ज्ञान, उपासना तथा कर्मकाण्ड) युक्त बनाएको तथा शिवले तीन ग्रन्थी (गाँठा) पार्नु भएपश्चात गायत्रीमाताले अभिमन्त्रित गरी रक्षा कवच बनाएको उल्लेख पाइन्छ। तसर्थ, जनैमा ब्रह्मा, विष्णु र महेश्वर तिनै देवता एवम् गायत्रीमाताको निवास रहन्छ भन्ने शास्त्रीय मान्यता रहेको पाइन्छ।

जनैको महत्व वेद, उपानिषद, पारस्कर गृह सूत्र स्मृतिहरु सबैतिर उल्लेख भएको पाइन्छ। हिन्दू धर्मावलम्बीहरुले ( तागाधारी) बायाँकाँधबाट छड्के पारी दाया हाँत मुनी खोकिल्लासम्म अथवा जनै यज्ञोपवित धारण गर्दा नाभीसम्म मात्र रहनुपर्छ भन्ने मान्यता रहेको छ। जनै धारण गर्दा येनोवद्धो बलिराजा दानवेन्द्रो महावलः। तेन त्वां प्रतिवहनामी रक्षमा चलमा चल मन्त्र जप्दै जनै लगाइन्छ, रक्षा बन्दन हातमा बाँध्दा पनि सोही अनुरुप मन्त्र जपी लगाइने गरिन्छ। यो सेतो कवाश (सेतो सुती)बाट तयार गरिएको धागोको डोरीलाई जनै वा यज्ञोपवित भनिन्छ। ऋग्वेदको मन्त्रलाई उदृत गर्दै पारस्करगृहम सूत्रमा लेखिएको छ। जसरी बृहस्पतिले इन्द्रलाई यज्ञोपवित दिएर आयु (इन्द्रासनको आयू) बल, बुद्धि तथा सम्वृद्धि प्रदान गरे त्यसरी तिमी पनि आयू वर्चस (तेज), सौर्य, बल, बुद्धि र समृद्धि प्राप्तिका लागि जनै लगाउ। ऋग्वेदका अरु मन्त्रमा पनि भनिएको छ यज्ञोपवितको शक्ति महान छ। यसले मानिसलाई सत्कर्मको प्रेरणा शुद्ध चरित्र अनुशासन निष्ठा, कठिन कर्तव्य पालनका लागि सामर्थ्य प्रदान गर्दछ। यसलाई धारण गर्ने व्यक्तिले सहजै मोक्ष प्राप्त गर्दछ भन्ने मान्यता रहेको छ। अग्नि समान तेजास्वितता, सूर्य समान शौर्य, चन्द्र समान शीतलता, दिव्यगुण एवम् सदा प्रसन्नता र उच्च मनोवल प्राप्त गर्न सधैं जनै लगाउनुपर्छ भन्ने वेदवाक्यबाट पुष्टि हुन्छ।

सधैं सत्य बोल्ने प्रेरणा प्राप्तिका लागि पनि जनै लगाउनुपर्ने वेद र गृहसूत्रले भन्दछन्। यसलाई मनोवैज्ञानिक कोणबाट पनि प्रमाणित गर्न सकिन्छ। जो सदैव जनै धारणा गर्छ, जो सधैं सत्य निष्ठामा रहन्छ उसको मनोविज्ञान सधैं उचो रहने व्यवहारबाट बुझ्न सकिन्छ। जनै पवितमा ९६ सुत, ९ ( नौं) डोरा, पाँच ग्रन्थी गरी यसलाई तयार गरिएको हुन्छ। नौ डोरा मध्ये पहिलामा ॐकार, दोस्रोमा अग्नि, तेस्रोमा नाग, चौथोमा चन्द्र, पाँचौंमा पितृहरु, छैटौमा प्रजापति, सातौंमा वायु, आठौंमा सूर्य एवम् नवौं तन्तुमा विश्वदेवको आह्वान गरिन्छ। पाँच ग्रन्थीलाई पञ्चमहायज्ञ प्रतिक मानिन्छ। जनैका दुई शिखा हुन्छन् ती मध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका योग मानिन्छ। जनै दुई शिखा मिलाउँदा छ डोराको हुन्छ। जनै शब्दको अर्थ जनाउनु अथवा जानकारी दिनु हुन जान्छ। छ डोराको महत्व हेर्दा ( प्राचीनकालमा) पहिला अहिले जस्तो महिना, गते प्रचलनभन्दा पनि ऋतु अनुसारको खान पान, भेषभूषा, काम कार्य गरिन्थ्यो, कुन ऋतुमा कुन काम गर्ने, कस्तो कपडा



प्रयोग गर्ने, कस्तो फलफूल खाने, कुन बालीनाली कुन ऋतुमा हुन्छ आदि त्यसरी हेर्दा वर्षमा छ वटा ऋतु बसन्त, ग्रिष्म, वर्ष, शरद, हेमन्त र शिशिर यी सबै जानकारीमूलक नै हो र जनै छ डोराको हुन्छ। त्यसर्थ जनैधारण गरेको व्यक्ति शौचका समयमा दाहिने कानमा बेर्ने चलन छ। यदि कसैको कानमा जनै झुण्डाएको देखिएमा यो व्यक्ति हात मूख धोएर शुद्ध भएका छैनन् भन्ने जानकारी जनैले दिइरहेको हुन्छ भने जनैलाई शौचका समय दाहिने कानमा बेर्दा जनैमा मलमूत्रको स्पर्श नहोस् भन्ने यसको मूल मर्म हुनुपर्छ।

चिकित्साविज्ञानले यसलाई कानमा नशाको सिधा सम्पर्क अण्डकोषसँग हुने बताउँछन्। बसेर मलमूत्र त्याग गरिरहँदा कानमा जनै बेरियो भने त्यहाँका नशा दबिई प्रत्यक्ष/अप्रत्यक्ष शुक्राणु पिसावसँगै बाहिरिनेबाट जोगिने पाचन प्रणाली सहज हुने एक किसिमको भनाई रहँदै आएको छ। जनै कहिले फेर्ने भन्ने पनि आ-आफ्नो तर्क विभेद देखिन्छ। तर, जब जनै छ डोरा हुन्छ छ ऋतुलाई निर्देश गरीको हुँदा हरेक ऋतु फरक-फरक मौसम, फरक-फरक समय हुने हुदाँ जनै ऋतु अनुसार फेर्दा अति उपयुक्त हुने देखिन्छ। त्यसबीचमा कुनै कार्य परे वा चोखिनुपर्ने भएमा पनि जनै फेर्नु पर्ने हुन्छ। जनै कहिलेबाट शुरु गरियो त भन्दा प्राचीनकालमा अहिले जस्ता विद्यालय कलेज थिएनन्। २/३ वर्षका बालक अहिले जस्तो मण्टेश्वरी लगायतका विद्यालयमा पठाइँदैन थियो। ७/८ वर्ष पूरा भए पछि गुरुकूलमा गएर पढ्ने शिक्षा लिने चलन थियो। गुरुकूलमा पठाउनु अगाडि गुरु शिष्यको परम्परा अथवा गुरुको नियममा आचरणमा बस्नका लागि कपाल मुण्डन, भेषभुषा फरक गरी शुद्धिकरण गरी, ब्रतबन्ध (उपनयन) गरी पठाइन्थ्यो। ७ वर्ष देखि २१ वर्षसम्म गुरु कहाँ बस्ने, काम गर्ने शिक्षा लिने गरिन्थ्यो त्यसकारण गुरुकूल जान अगावै ब्रतबन्ध गरी नियम आचरण सिकाई अभिमन्त्राति जनैधारण गराउने गराई शिक्षित दिक्षित प्रशिक्षण गरी मन्त्र सिकाई गुरुकूल जना सुयोग्य पात्र निर्माण गरिन्थ्यो।

प्राचीनकालमा अहिले जस्तो पढेको पैसा दिने लिने चलन थिएन। ब्रतबन्धमा बटुकलाई भिक्षा माग्ने सीपको समेत सिकाई गरी पठाइएको हुन्थ्यो र गुरुकूलमा बस्दा पनि बिहान सबेरै उठेर बढीमा १० बजे अगाडि घर गएर भिक्षा लिई गुरु शिष्य मिली खाने चलन थियो। अहिले पनि मुट्ठिदानको चलन रही आएको छ। गुरुकूलमा रहँदा राजा महाराज अथवा रैतीको छोरा समान हुन्थे। सबैलाई समान व्यवहार गरिन्थ्यो संस्कृत पढाई हुन्थ्यो, पढाई मात्र नभएर प्रयोगात्मक सीप सिकाइन्थ्यो। सबै कार्य गुरुकूलमा आफैले गर्नुपर्दथ्यो। राजाले पनि म धेरै दान गर्दछु भनेर पाइँदैन थियो। राजाको छोरा पनि भिक्षा माग्न जानु पर्दथ्यो, दाउरा खोज्न गाई हेर्ने, अन्य सबै कार्यमा हामीले सुनेका छौं की भगवान कृष्ण पनि गुरुकूलमा बस्दा दाउरा खोज्न सुदामासँग गएका प्रसंङ्ग पाएका छौं। त्यसरी हरेक घर-घरमा भिक्षा माग्न गएका राजाका छोरा, राजा हुँदा कहाँ के छ कहाँ चुलो बलो बलेन कहाँ न्याय अन्याय हुदैछ। सबै थाहा हुन्थ्यो र त्यस्ता राजाका छोरा राज हुँदा पो शान्ति हुने त्यो समाज कस्तो थियो होला अहिलेको जस्तो विडम्बना भोग्नु पर्दैनथ्यो। यसरी जनै धारण गर्ने प्रचलन आएको हो।

श्रावण शुक्ल पक्ष मै जनै पूर्णिमा किन त भन्ने पनि प्रश्न आउन सक्छ। यो शिक्षासँग सम्बन्ध रहेको छ माथि पनि वर्णन भएको छ। प्राचीनकालमा शैक्षिक सत्र श्रावण शुक्ल पक्षलाई भनिन्छ। ज्ञान भनेको प्रकाश हो, चन्द्रमाको प्रकाश एकनाशको हुन्छ, ज्ञानको प्रकाश शित्तल हुन्छ, सूर्यको प्रकाशको एकनाश हुँदैन सधैं सबै स्थानमा सूर्यको प्रकाशको महत्व रहँदैन। तर, चन्द्रमाको प्रकाश एकनासको हुन्छ, मधुर शितल हुन्छ, त्यही भएर ज्ञानको प्रकाश सधैं सबै स्थानमा उत्तिकै महत्व हुन्छ। त्यसैले श्रावण शुक्ल पक्ष तिथि, ज्ञान, संस्कार नयाँ कार्य थालनीको सांस्कृतिक वर्ष हो। ज्ञानसँग सम्बन्ध भएको हुँदा यो तिथिलाई जनै पूर्णिमा भनिएको जनैधारण गर्ने चलन रहेको छ। जनै अथवा रक्षा बन्धनले रक्षा कवच गर्दछ। भगवान वामनको अवतारीरुपी विष्णुले दानवराज बलिराजालाई उनको सुरक्षाको लागि जुन बन्धनले बाँधेका थिए। त्यही बन्धनले तपाईको हातमा पनि बाँधिदिएको छु। तपाईको रक्षा होस् भनेको प्रसङ्ग पनि उत्तिकै महत्व बुझौं। आफ्नो कर्तव्य पालना गरौं। शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए पहिचान हराउँछ, पहिचान हराए राष्ट्र हराउँछ, राष्ट्र हराए हामी कहाँ रहन्छौं। त्यसैले आफ्नो जरो र आफ्नो किलो चिनौं, सभ्यता संस्कृतिको रक्षा गरौं भनि सबैमा शुभेच्छा प्रकट गर्दछु।

*ओली राष्ट्रिय हिन्दू एकता मञ्च नेपालका केन्द्रीय अध्यक्ष, जरोकिलो महाअभियानका अभियन्ता, मौलिक जरोकिलो पार्टीका १ नं. प्रदेश अध्यक्ष हुन्।*

# जनपद र ट्राफिक प्रहरीलाई 'फेस शिल्ड'



**बिर्तामोड, साउन १८।** पछिल्लो समय प्रहरीमा कोरोना संक्रमणको दर वृद्धि भएपछि बिर्तामोडका जनपद र ट्राफिक प्रहरीले थप सुरक्षा अपनाउँदै 'फेस शिल्ड' को प्रयोग गर्ने भएका छन् ।

रोटरी क्लव अफ बिर्तामोड मिडटाउन, रोट्रयाक्ट क्लव अफ बिर्तामोड मिडटाउन र इनरह्वील क्लब अफ बिर्तामोड मिडटाउनले इलाका प्रहरी कार्यालय बिर्तामोडका जनपद प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका ट्राफिक प्रहरीलाई 'फेस शिल्ड' वितरण गरेपछि उनीहरुले 'फेस शिल्ड' को प्रयोग गर्ने भएका हुन् ।

बिर्तामोडको वानस्टप मलमा आइतबार भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडलाई ५० थान र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापालाई ३० थान फेस शिल्ड प्रदान गरिएको रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले बताए । बिर्तामोडमा कोरोना संक्रमणको त्रास बढेपछि फ्रन्टलाइनमा रहेर काम गर्ने प्रहरीहरुको सुरक्षाको लागि फेस शिल्ड वितरण गरेको उनले बताए ।

रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रसान्त भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय विर्तामोडका डीएसपी मुकुन्द रिजाल र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जबेगूलाई, फेस शिल्ड वितरण गरिएको थियो ।

कार्यक्रममा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका चाटर्ड प्रेसिडेन्ट सन्तोष अग्रवाल, पास्ट प्रेसिडेन्ट शिवकुमार अग्रवाल, प्रेसिडेन्ट इलेक्ट दीपेन्द्र पोखरेल, प्रेसिडेन्ट नोमिनी दिनेशकुमार पोखरेल, सेक्रेटरी नवीन उप्रेती, वोर्ड डाइरेक्टरहरु शरद जोशी, मनोज अग्रवाल, रोशन बुढाथोकी, जगत शर्मा, सिजर राजभण्डारी, गायत्री सुवेदी, रोट्रयाक्ट क्लव बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट प्रकृति न्यौपाने, इनरह्वील क्लब बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशल, चाटर्ड प्रेसिडेन्ट भूमिका पोखरेल, भाइस प्रेसिडेन्ट जमुना भुषाल शर्मा , सेक्रेटरी सम्झाना भण्डारी लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी मुकुन्द रिजालले अब जोखिम क्षेत्रमा खटिने प्रहरीलाई एन-९५ मास्क, स्यानिटाइजर, ग्लोब र 'फेस शिल्ड' अनिवार्य गरिएको बताए । कार्यक्रमको समापन रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका टिच डाइरेक्टर शरद जोशीले गरेको मिडिया पर्सन तुलसीप्रसाद निरौलाले जानकारी दिए ।

# श्राद्ध होस् त यस्तो !



**बिर्तामोड, साउन १८।** सनातन धर्मशास्त्रमा आमाबाबु बाँचुञ्जेल श्रद्धापूर्वक उनीहरूको हेरविचार, पालनपोषण गर्नु, दिवंगत भएपछि पनि शास्त्रको विधान अनुसार शरीरलाई दाहसंस्कार आदि क्रिया गर्नु एवम् अज्ञातस्थलमा पुगेका पितृहरूको सम्झना गर्दै श्राद्धादी कार्य गर्नु पनि उसको कर्तव्य मानिएको छ ।

'श्रद्धया क्रियतेयत्र त च्छाद्धं परिकीर्तितम्' अर्थात् पितृका लागि जो कार्य गरिन्छ, त्यसलाई नै श्राद्ध भनिन्छ । आमाबाबुबाट लालनपालन भई हुर्कने, बढ्ने, संस्कार र शिक्षा प्राप्त गर्ने भएकाले प्रत्येक सन्तान मातापिताप्रति ऋणी हुन्छ । शास्त्र अनुसार यो ऋण तिर्नुपर्छ । त्यसैले आफू सक्षम भएपछि मातापिताको अन्त्यकालसम्म सेवा-सुश्रुषा पालनपोषण गर्नुपर्छ । साथै उनीहरूको मृत्युपश्चात् पनि काजक्रिया र वार्षिक श्राद्ध आदि पितृकार्य गर्नुपर्छ ।

वैदिक सनातन संस्करमा सामान्यतया पितृकर्म अर्थात श्राद्ध दुईपटक गरिन्छ । वर्षमा नियमित श्राद्ध पितृहरुको देहावसान भएको तिथीमा र अर्को श्राद्ध चाहिँ सोह्रश्राद्धको अवधिमा गरिन्छ । सामान्यतयः आ-आफ्नो गच्छे अनुसार आफन्त अनि पण्डित, पुरोहितको उपस्थितिमा कर्ताले श्राद्ध गर्ने गर्दछन् । तर, बिर्तामोड-१ का मनुराम चिमरियाले भने वृद्धवृद्धालाई सहयोग गरेर पनि पितृकर्म अर्थात् श्राद्ध गरेका छन् । चिमरियाले कनकाई नपा वडा नं. ४ राधाकृष्ण मन्दिरमा आश्रय लिएर वसेका वृद्धवृद्धालाई खाद्यान्न र नगद प्रदान गरेर पिता नन्दराम चिमरियाको श्राद्ध गरेका हुन् । पिता नन्दराम चिमरियाको स्मृतिमा ब्राह्मणहरूद्वारा भागवत गीताको पाठ गर्नुका साथै ब्राह्मणहरु र वृद्धवृद्धालाई भोजन समेत गराइएको थियो ।

विगत आठ वर्षदेखि कनकाई नपा वडा नं. ४ राधाकृष्ण मन्दिरमा आश्रय लिएर वसेका वृद्धवृद्धालाई खाद्यान्न र नगद प्रदान गरेर पिता नन्दराम चिमरियाको श्राद्ध गर्दै आइरहेको उनले बताए । एचडी हेयर एण्ड डर्मा केयर प्रालि (स्कीन हस्पिटल) बिर्तामोडका सञ्चालक, सामुदायिक स्वास्थ्य सरोकार केन्द्र बिर्तामोडका अध्यक्ष लगायत विभिन्न संघ-संस्थामा आवद्ध रहेका चिमरियाले राधाकृष्ण मन्दिरमा आश्रय लिएर वसेका वृद्धवृद्धाहरुको स्वास्थ्य परीक्षण, औषधि वितरण गर्नुका साथै खाद्यान्न समेत वितरण गर्दै आइरहेको बताए ।

सन्तानले पितृको सम्झनामा प्रत्येक वर्ष श्रद्धापूर्वक श्राद्ध गर्नुपर्छ तबमात्र त्यसलाई पितृले ग्रहण गर्छन् भन्ने शास्त्रीय भनाईलाई आत्मसात गर्दै वृद्धवृद्धालाई खाद्यान्न र नगद प्रदान गरेर पिता नन्दराम चिमरियाको श्राद्ध गर्दै आइरहेको उनले बताए ।

उक्त कार्यमा सहभागि क्षितिज नाट्य समूह झापाका अध्यक्ष माधव कल्पितले श्राद्ध गर्नाले पितृप्रतिको दायित्व बोध पूरा हुनाका साथै पितृ ऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास भए पनि आधुनिकताका नाममा युवापुस्ताले यस्तो पूर्वीय संस्कार छोड्दै गएकाले यसको संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले श्राद्धका नाममा हुने भोजभतेरमा फजुल खर्चले वृद्धवृद्धालाई सहयोग गरे उनीहरुले दिएको आशीर्वादले पितृ खुशी हुने बताउँदै चिमरियाले गरेको कार्यको प्रसंशा गरे ।

त्यस्तै राधाकृष्ण मन्दिर समितिकी संस्थापक सदस्य गायत्रीदेवी खतिवडा, राधाकृष्ण मन्दिरमा सञ्चालित गुरुकूलका प्राचार्य सन्दिप खतिवडाले श्राद्ध कर्म गरेर पितृलाई खुशी बनाउँदा नवीन र शक्तिमय ऊर्जा प्राप्त हुने भएकाले पितृ ऋणबाट पनि मुक्त हुन श्राद्ध गर्नुपर्ने बताउँदै चिमरियाले गरेको कार्यले समाजमा सकारात्मक सन्देश जाने बताए । उनीहरु सबैको एउटै स्वर थियो- श्राद्ध होस् त चिमरियाले गरे जस्तो ।

# सकियो सहाराको सचेतना सप्ताह

**लक्ष्मीपुर, साउन १८।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लक्ष्मीपुर सेवाकेन्द्रले शुरु गरेको सचेतना सप्ताह अन्तर्गत सात वटा कार्य गरेको छ ।

प्राकृतिक प्रकोप पूर्व तयारी सचेतना तथा वृक्षरोपण कार्यक्रम अन्तर्गत शनिवार कार्यक्रमको अन्तिम दिन वृक्षरोपण तथा खुत्रुके र मास्क वितरण गर्दै सचेतना सप्ताह कार्यक्रम सम्पन्न भएको हो ।

संस्थाले कनकाई नगरपालिका वडा नं. ८ स्थित विरिङ खोलाको तटबन्ध सुनौलो बस्तीमा एक सय वटा मसला वृक्षरोपण गरेको छ । त्यसैगरी समूह नं. ६० का १७ जना महिला सदस्यहरुलाई खुत्रुके र मास्क वितरण कार्यक्रम गरेको लक्ष्मीपुर सेवाकेन्द्र प्रमुख उमेश भारतीले जानकारी दिए ।

सुनिता राईको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि सहारा नेपाल सचालक समिति बरिष्ठ उपाध्यक्ष हरिप्रसाद निरौलाले रहेका थिए । प्रमुख भारतीले स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रमलाई सञ्चालन कर्मचारी खगेन्द्र निरौलाले गरेका थिए ।

कार्यक्रममा लक्ष्मीपुर बजार अध्यक्ष टेकबहादुर बस्नेत, टोल विकास अध्यक्ष राजन राई, कर्मचारी रिना कार्की, वेनिमा प्रसाई लगायतको उपस्थिति थियो ।



# खोलाले बगाएर एक जनाको मृत्यु

**झापा, साउन १८।** अर्जुनधारा नगरपालिका-४ का ५६ बर्षीय बिदुर पराजुलीको टाङटिङ खोलाले बगाएर मृत्यु भएको छ ।

खोला तर्ने क्रममा पराजुलीलाई बगाएर मृत्यु भएको भन्ने खबर प्राप्त भएसँगै इलाका प्रहरी कार्यालय अनारमनीबाट गएको प्रहरीको टोलीले मृतकको कानूनी प्रक्रिया पूरा गरेको थियो ।

घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय अनारमनीका डिएसपी मुकुन्द रिजालले जानकारी दिए ।


## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो.९८१५९५२४९९
९८४१३२१४६४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

## स्कारपियो गाडी भाडामा




विवाहका लागि, धार्मिक स्थल भ्रमण, एयरपोर्ट तथा All nepal tour जुनसुकै ठाउँ जानका लागि १० सिट भएको आरमदायी यात्राको लागि सम्झनुहोस् ।

सम्पर्कः ९८४२७४४४३९, ०२३-५४०२३१

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'




सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिभवन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

## सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६को नियम ९मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनसक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/ वडासचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हक जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धबिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
- एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र ।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस-पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

**बिर्तामोड नगरपालिका**

## १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्को ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । (तालिममा इण्डियन कुक, चाइनीज, कन्टिनेन्टल, इटालीयन र वेटर)

**हाम्रा विशेषता :**
१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने ।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने ।
४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्मा पठाइने ।
*नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ ।*

**Asian Hotel Training Center**

पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८०६०४७८०१, ९८१२३५१२२६, इटहरीः ९८१२३५१२७१, ९८१२३५१२७२


## श्री भानु माध्यमिक विद्यालय
अर्जुनधारा-५, फूलबारी, झापा

## आवश्यकता

*प्रथम पटक प्रकाशितः२०७७।०४।१५ गते*

यस श्री भानु माध्यमिक विद्यालय अर्जुनधारा-५ झापामा कक्षा ९-१२ मा प्राविधिक विषय सिभिल इञ्जिनियरिङ्गतर्फ शिक्षण सिकाइको प्रयोजनका निमित्त शिक्षा विकास तथा समन्वय इकाइ झापाको २०७७/०४/१५ को च.नं.५१ को पत्र अनुसार तपशिलका पदहरुको आवश्यकता भएकोले योग्यता पुगेका उमेरको हद ४० वर्ष ननाघेका र शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) बमोजिम अयोग्य नठहरिएका इच्छुक नेपाली नागरिकसँग यो विज्ञापन प्रथम पटक प्रकासित भएको मितिले १५ दिनभित्र विद्यालयमा आइपुग्नेगरी आफ्नै हातले लेखेको निवदनसहित दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं. ०१/०७७**
**(क) पद** : प्रशिक्षक (मा.द्वि.वा सो सरह) **(ख) बिषय** : सिभिल इन्जिनियरिङ्ग
**(ग) किसिम** : करार **(घ) शैक्षिक योग्यता** : सम्बन्धित बिषयमा स्नातकोत्तर वा सम्बन्धित विषयमा स्नातक गरी सम्बन्धित क्षेत्रमा न्यूनतम् १ वर्षको अध्यापन अनुभव भएको
**(ङ) परीक्षा दस्तुर** : रु २५००/- **(च) तलब सुबिधा** : नेपाल सरकारले तोके बमोजिम

**विज्ञापन नं. ०२/०७७**
**(क) पद** : सहायक प्रशिक्षक (नि.मा.तृतीय वा सो सरह)
**(ख) बिषय** : सिभिल इन्जिनियरिङ्ग **(ग) किसिम** : करार
**(घ) शैक्षिक योग्यता** : सम्बन्धित बिषयमा कक्षा १२ उत्तिर्ण वा सो सरह
**(ङ) परीक्षा दस्तुर** : रु १५००/- **(च) तलब सुबिधा** : नेपाल सरकारले तोके बमोजिम

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात**
(१) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
(२) शैक्षिक योग्यता र तालिम अनुभवका प्रमाण पत्रको प्रतिलिपि

**परीक्षाको किसिम** : लिखित मौखिक र आवश्यक परे प्रयोगात्मक
**सम्पर्क मिति** : २०७७ ।०४ ।२९ गते **परीक्षा मितिः** सम्पर्क मितिका दिन तोकिनेछ ।
**निबेदन पेश गर्नुपर्ने अन्तिम मिति** : २०७७।०४।२९ गते विहीबार ४.०० बजेसम्म ।

**शिक्षक छनौट समिति**
**भानु माध्यमिक विद्यालय**, अर्जुनधारा-५, झापा (**सम्पर्क :९८५२६७८१५२**)

## अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

## सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ८ का विन्दिया श्रेष्ठ कि.नं. १५३४ को ज.वि. ०-०-१७ क्षेत्रफल जग्गामा निर्माण भएको आर सीसी को को स्थलगत सजमीन गर्न जाँदा तपाईं निम्नानुसारको सँधीयार अनुपस्थित भएकोले निवेदनको घरले सँधियार, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुन्छ हुँदैन हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा निम्नानुसार काम, कारवाही हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**निम्न**

| दिशा | सँधियारको नाम, थर | सर्जमिन | नक्सा दर्ता | कैफियत |
|---|---|---|---|---|
| पूर्व | श्री बाटो | २०७७।०४।१६ | २०७६।१०।१३ | |
| पश्चिम | श्री नन्दलाल श्रेष्ठ | | | |
| उत्तर | श्री बाटो | | | |
| दक्षिण | श्री सरिता राई | | | |


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । सोखले खर्च बढाए पनि अतिथिको रूपमा सत्कार पाइनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । साथीभाइबाट सहयोग मिल्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सुख-दुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । आफन्तले पनि उत्साह जगाउने छन् । कामले समाजमा स्थापित बनाउन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौति पन्छाएर पनि काम बनाउन सकिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । काम बन्नाले मनग्गे लाभ हुनेछ । इर्ष्या गर्नेहरूले हार खानेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार लगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ । समयले साथ दिनेछ भने प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** फाइदाको स्रोत पहिल्याउन सकिनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । प्रतिक्षा गरिएको नतिजा सबल रहनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सन्तान वा अनुयायीले साथ दिनेछन् । हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनावश्यक साइनो गाँस्नेहरूसँग जोगिएर काममा जुट्नुपर्ने समय छ । तापनि, शुभचिन्तकहरूको सहयोगले चिताएका सम्पादन गर्न सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रक्रिया दोहोऱ्याउनुपरे पनि अन्ततः आफैंलाई फाइदा हुनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** लगनशीलताले परिस्थितिलाई बदल्नेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ । गुरुजनको सुझाव आवश्यक पर्ला ।